*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

# नेपाली लोकसाहित्यको प्राज्ञिक उन्नयन

अविलाल शाह, उपप्राध्यापक, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय
Email: abilalshah.cnas@gmail.com
Orcid: https://orcid.org/0009-0003-5405-3407
अनिल अधिकारी, उपप्राध्यापक, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, त्रिभुवन विश्वविद्यालय
Corresponding author's Email: anil20351022@gmail.com
Orcid: https://orcid.org/0009-0001-4095-8833

**लेखसार**

प्रस्तुत लेख नेपाली लोकसाहित्यको प्राज्ञिक उन्नयनसँग सम्बन्धित छ । यसमा नेपाली लोकसाहित्यका विभन्नि विधाहरूको सङ्कलन, अध्ययन र अनुसन्धान परम्पराको सर्वेक्षण गरिएको छ । यसक्रममा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, लोकमन्त्र, उखान, टुक्का आदि लोकसाहित्यिक विधाहरूको मौखिक पुस्तान्तरण परम्परा, सङ्कलन तथा पाठ्यीकरण परम्परा, अध्ययन परम्परा र प्राज्ञिक विमर्श परम्पराको विहङ्गावलोकन गरिएको छ । यसका साथै यस लेखमा लोकसाहित्यको अध्ययन परम्रालाई काल वा चरणमा विभाजन गरी ती चरणका मुख्यमुख्य उपलब्धिको निर्क्योल गरिएको छ । प्रस्तुत लेखमा ऐतिहासिक सर्वेक्षण र वर्गीकरणलाई सैद्धान्तिक अवधारणाका रूपमा उपयोग गरिएको छ।  गुणात्मक अनुसन्धान ढाँचा र विश्लेषणात्मक विधिको अवलम्बन गरिएको यस आलेखमा अध्ययन परम्पराको चरण विभाजनको पनि सर्वेक्षण गरिएको छ । उक्त सर्वेक्षणका आधारमा अध्ययन परम्पराको काल विभाजन प्रस्तुत गरिएको छ । निष्कर्ष स्वरूप लोकसाहित्य परम्पराका मौखिक पुस्तान्तरण र सङ्कलन आरम्भको चरण, सङ्कलन, पाठ्यीकरण र अध्ययनको चरण र प्राज्ञिक विमर्शको चरण गरी तीन चरणमा विभाजन गर्नुपर्ने मत प्रस्तुत गरिएको छ । लोकसाहित्यिक सामग्रीको उपयोग मनोरञ्जनका लागि गरिने,  सामाजिक रीतिथिति मान्ने क्रममा लोकसामग्री मौलिक रूपमा प्रस्तुत गर्दा स्वतह पुस्तान्तरित भई जीवित हुने, यी हाम्रा लोकसम्पत्ति हुन्, यिनीहरूको संरक्षण गर्नुपर्छ भन्ने चेतनाका आधारमा सङ्कलन आरम्भ गर्नु आदि मौखिक पुस्तान्तरण र सङ्कलन आरम्भ चरणमका उपलब्धि हुन् । लोकसाहित्यिक सामग्रीको नियोजित सङ्कलन, सङ्कलित सामग्रीको लिप्यङ्कन, सम्पादन, पुस्तकाकार कृतिको निर्माण र विश्लेषण प्रक्रियाको थालनी गर्नु सङ्कलन, पाठ्यीकरण र अध्ययनको चरणका उपलब्धि हुन् भने स्थापित सैद्धान्तिक अवधारणका आधारमा विधाको विश्लेषण र शैक्षिक तह पार गर्नका लागि गहन अनुसन्धान गर्नु  प्राज्ञिक विमर्शको चरणका उपलब्धि हुन् । प्रस्तुत अध्ययनमा लोकसाहित्यको विकासका लागि भएका कामहरूको कालक्रिमक विवरण प्रस्तुत गरी ती कामका मुख्य उपलब्धिका आधारमा प्राज्ञिक उन्नयनको अवस्थाको विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी* : ऐतिहासिक सर्वेक्षण, मौखिक पुस्तान्तरण, रेखाङ्कन, लिप्यङ्कन, लोकसम्पत्ति

Article's information: Manuscript received: 2024/11/07, Date of review:  2024/12/15, Date of manuscript acceptance: 2025/03/06  Publisher: Sahayaatra, Nepal, Bhojpur, DOI: https://doi.org/10.3126/sahayaatra.v8i1.80928
Homepage: https://www.nepjol.info/index.php/sahayaatra. Copyright (c) 2025 Sahayaatra Journal.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

लोकसाहित्य समाजको प्रतिबिम्ब हो । यसले व्यक्ति र समाजका संवेदनाहरूलाई बोकेको हुन्छ । लोकको साहित्य वा भौतिक विश्व र त्यहाँका जनसाधारणको साहित्यलाई लोकसाहित्य भनिन्छ । त्यसैले लोकसाहित्य शब्द 'लोक' र 'साहित्य' शब्दको मेलबाट बनेको छ जसमा 'लोक' को अर्थ  शिक्षित/अशिक्षित वा सभ्य/असभ्य जनसाधारण भन्ने हुन्छ भने  'साहित्य' को अर्थ हित गर्ने शास्त्र भन्ने हुन्छ । त्यसैले लोकसाहित्यको शाब्दिक अर्थ जनसाधारणद्वारा सिर्जित र उनीहरूको हित गर्ने साहित्य भन्ने हुन्छ । यसर्थ 'लोक' शब्दले दिने अर्थले नै नेपाली

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

लोकसाहित्यको प्रकृतिलाई समेटेको छ। लोकसहित्यको मौखिक पुस्तान्तरण र सङ्कलनको परम्परा कहिले बाट सुरु भयो भन्ने स्पष्ट भन्न सकिदैन। लोकको संवेदना जति पुरानो छ त्यति नै लोकसाहित्यको परम्परा पुरानो छ भन्नुपर्ने हुन्छ। जुन बेलादेखि मान्छेले भाषाबाट आफ्ना संवेगलाई अभिव्यक्त गर्न थाले त्यही बेलादेखि यसको परम्परा अघि बढ्यो । त्यसैले मानव सभ्यताको आरम्भदेखि सुरु भएको नेपाली लोकसाहित्यको दीर्घ परम्परा जनसाधारणको श्रुति-स्मृति परम्पराबाट पुस्तान्तरित हुँदै अविच्छिन्न सांस्कृतिक तथा साहित्यिक परम्पराका रूपमा अगाडि बढिरहेको छ। मानववाणीका रूपमा संरक्षित तथा विकसित भई सङ्कलन र विश्लेषणका रूपमा समृद्ध भएको यस परम्परालाई सीमित कालखण्डमा राखेर हेर्नु कठिन काम हो । यसका बाबजुत यस लेखमा विशेषगरी नेपाली लोकसाहित्यको सम्पादन र अध्ययन कार्यको विवरण दिइएको छ। यस आलेखमा नेपाली लोकसाहित्यका विधाहरूको सङ्कलन र अध्ययनको ऐतिहासिक अङ्कन गर्ने, प्रवृत्तिका हिसाबले विकास परम्पराका चरणको विभाजन गर्ने र चरणगत उपलब्धिको व्याख्या गरी यसको प्राज्ञिक उन्नयनको मार्ग स्पष्ट गरिएकोले प्रस्तुत अध्ययन औचित्यपूर्ण छ।

**समस्याकथन र उद्देश्य**

प्रस्तुत आलेखमा नेपाली लोकसाहित्यको प्राज्ञिक उन्नयन परम्परामा गरिएका महत्त्वपूर्ण कार्यको ऐतिहासिक सर्वेक्षण नै यस लेखले उठान गरेको मुख्य एवम् शोध्यसमस्या हो । त्यसैले नेपाली लोकसाहित्यको प्राज्ञिक उन्नयन कसरी भएको छ भन्ने मूल समस्यामा यो अध्ययन केन्द्रित छ। यसै समस्याको समाधान गर्न अध्ययनका उद्देश्यहरू यसप्रकार निर्धारण गरिएको छ :

क) नेपाली लोकसाहित्यको अध्ययनअनुसुन्धान परम्पराको ऐतिकासिक सर्वेक्षण गर्नु,

ख) नेपाली लोकसाहित्य परम्पराको चरण विभाजन गरी तिनका मुख्य उपलब्धिको रेखाङ्कन गर्नु,

प्रस्तुत लेखमा नेपाली लोकसाहित्यका विषयमा गरिएका अध्ययनको सर्वेक्षणलाई मात्र उठान गरिनु सीमाङ्कन हो भने नेपाली लोकसाहित्यका विषयमा ज्ञानार्जनका लागि उत्सुक पाठकका लागि यो उपयोगी र औचित्यपूर्ण सामग्री हो।

**अध्ययनविधि**

प्रस्तुत लेखको समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन मूलतः पुस्तकालय अध्ययन कार्यका आधारमा गरिएको छ। नेपाली लोकसाहित्यको प्राज्ञिक उन्नयन यात्राको रेखाङ्कन गर्न यसका सम्बन्धमा गरिएका अध्ययनप्रतिवेदन, अनुसन्धानात्मक ग्रन्थ, शोधप्रबन्ध, सैद्धान्तिक पुस्तक, सङ्ग्रहलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ। यसमा ऐतिहासिक सर्वेक्षणलाई अध्ययनको सैद्धान्तिक आधारको रूपमा लिइएको छ। सङ्कलित सामग्रीको कालकक्रिम विरण प्रस्तुत गरी चरणगत उपलब्धिको निर्क्योल गर्न वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ।

**सैद्धान्तिक आधार**

प्रस्तुत आलेखमा कुनै स्थापित सिद्धान्तका आधारमा सामग्रीको विश्लेषण नगरी नेपाली लोकसाहित्यको सङ्कलन र अनुसन्धान परम्पराको अध्ययन गरिएको छ। यसमा लोकसाहित्यको प्राज्ञिक उन्नयका लागि भएका कामहरूको प्रवृतिका आधारमा काल विभाजन गरी ऐतिहासिक अभिलेखीकरण गरिएको छ । त्यसैले यस अध्ययनको सैद्धान्तिक आधार भनेको ऐतिहासिक सर्वेक्षण र अभिलेखीकरण तथा त्यससम्बन्धी मानकको उपयोग हो।

**परिणाम र विमर्श**

नेपाली लोकसाहित्यको परम्परा लामो छ। मौखिक परम्परामा जीवित हुने भएकाले यसको परम्परालाई नेपाली भाषाको परम्परासँगै राखेर अध्ययन गर्नुपर्ने हुन्छ। लोकसाहित्य भाषाको कथ्य परम्पराबाट पुस्तान्तरित हुने हुँदा जनसाधारणले आफ्ना थकान मेटाउन र मनोरञ्जन लिन तथा दिनका लागि मनका भावनालाई आलाप गर्ने, कथा सुनाउने र सुन्ने क्रमबाट अगाडि बढेको हुनुपर्छ। नेपाली लोकसाहित्यको मौखिक परम्परा अनन्त भए पनि यसको प्राज्ञिक उन्नयनको यात्रा त्यति लामो छैन । यसको सम्पादन र अध्ययन परम्परा छोटो भए पनि यसलाई

ISSN: 2594-3154 (Print)

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

व्यवस्थित र समृद्ध बनाउने काम व्यक्तिगत तथा संस्थागत पहल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो, समयको क्रमसँगै विज्ञानले मान्छेमा ल्याएको चेतनाको लहर, विभिन्न राजनीतिक अवस्था आदिबाट भएको देखिन्छ। यसको समग्र प्राज्ञिक उन्नयनको रेखाङ्कन गर्न अध्ययेताहरूले गरेको काल वा चरण विभाजनको सर्वेक्षण र मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

***नेपाली लोकसाहित्यको प्राज्ञिक उन्नयन***

नेपाली लोकसाहित्यको उन्नयन मौखिक पुस्तान्तरण, सङ्कलन र विश्लेषण हुँदै अगाडि बढेको छ। यसको उन्नयन यात्राको गतिशीलताका लागि भारतमा मुगलहरूको आक्रमणपछि जनजीवन अस्तव्यस्त भई शान्तीगामीहरू हिमालको शरणमा आउँदा भएको सांस्कृतिक सञ्चरण, नेपाली भाषाको भाषिक, जातीय, सांस्कृतिक र वर्गीय अन्तर्मिश्रण, एक जात र सम्प्रदायले अर्को जात र सम्प्रदायको सांस्कृतिक विविधताको अनुकरण गर्नु , नेपालको एकीकरणसँगै भाषको विकास र स्तुतिकाव्यको सिर्जना हुनु, नेपाल-अङ्ग्रेज युद्ध र त्यसका वीरगाथाहरूको प्रचलन हुनु, राणाकालमा राणाहरूको सौखीन, मनोरञ्जन, स्तुतिका लागि नाच, नाटक, गायन आदिमा बढावा दिनु, २००७ सालमा प्रजातन्त्रको स्थापनापश्चात् जनताले आफ्नो स्वतन्त्रता स्वरूप सांस्कृतिक विविधतालाई प्रस्फुटित पार्नु , २००८ मा रेडियो नेपालको स्थापना हुनु, २०१० मा नेपाल लोकगीत सङ्ग्रहालयको स्थापना हुनु , नेपाल राष्ट्रिय विद्यापीठ, नेपाल प्रज्ञा-प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, मार्टिन चौतारी, मदन पुरस्कार पुस्तकालय, संस्कृति विभाग आदिजस्ता संस्थाको स्थापना हुनु, ती संस्थाले सङ्कलन र अध्ययनमा संस्थागत चासो दिनु आदि कारणले महत्त्वपूर्ण भूमिका खेलेको छ। यी कारणले नेपाली लोकसाहित्यको सङ्कन र विश्लेषण तीब्र तवरले भएको देखिन्छ। हाल औपचारिक उपाधि हासिल गर्नका लागि यसको प्राज्ञिक अनुसन्धान सबल बन्दै गएको छ। यस्तो अध्ययन परम्परालाई चरणबद्ध गरी व्याख्या गर्नु अत्यन्त कठीन काम हो। यति हुँदाहुँदै पनि विभिन्न लोकसाहित्यशास्त्रीहरूले आ-आफ्नो ढËले यसको परम्परालाई विभिन्न कालखण्डमा बाँडेर अध्ययन गरेका छन्। ती यसप्रकार छन् :

१. हंशपुरे सुवेदी र धर्मराज थापाले **नेपाली लोकसाहित्यको विवेचना** (२०४१) मा
   - क) प्रथम चरण : आरम्भदेखि वि. सं. १९५७ सम्म
   - ख) द्वितीय चरण : वि. सं. १९५८ – वि. सं. २००७ सम्म
   - ग) तृतीय चरण : वि. सं. २००८ – हालसम्म।

२. चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) मा
   - क) संवर्द्धन काल : प्रारम्भदेखि वि. सं. १९९८ सम्म
   - ख) सङ्कलन काल : वि. सं. १९९८ देखि वि् सं. २०२४ सम्म
   - ग) अध्ययन-अनुसन्धान काल : वि. सं. २०२४ पछि।

३. सम्भुप्रसाद कोइरालाले **लोकसाहित्य : सिद्धान्त र विश्लेषण** (२०५५) मा
   - क) पृष्ठभूमि : सुरुदेखि वि. सं. १९४१ सम्म
   - ख) प्रथम चरण : वि. सं. १९४२ देखि वि. सं. १९५७ सम्म
   - ग) द्वितीय चरण : वि. सं. १९५८ देखि २००७ सम्म
   - घ) तृतीय चरण : वि. सं. २००८ देखि हालसम्म

४. विश्वनाथ भट्टराईले **लोकसाहित्य टिपन टापन** (२०६४) मा
   - क) वैदिक काल : लिच्छवी काल
   - ख) लिच्छवी काल : सिञ्जा साम्राज्य काल वा उत्तर मल्ल काल
   - ग) सिञ्जा साम्राज्यकाल : प्रजातन्त्र काल

५. नारायणप्रसाद तिमिल्सेनाले *दैलेखी लोकसाहित्य* (२०७७) मा
   - क) प्रथम चरण : पृष्ठभूमिकाल - आरम्भदेखि वि. सं. १९९५ सम्म
   - ख) द्वितीय चरण : सङ्कलन काल - वि. सं. १९९५ देखि वि. सं. २०२३ सम्म

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

ग) तृतीय चरण : प्राज्ञिक शैक्षिक काल - वि. सं. २०२४ देखि हालसम्म

नेपाली लोकसाहित्यको ऐतिहासिक विकासक्रमको अध्ययन मुख्य प्रवृत्ति र उपलब्धिका आधारमा कालविभाजन गरी अगाडि बढाउनु पर्छ । नेपाली लोकसाहित्यको विकास, लोकसाहित्यको प्रकार र प्रकृति, पूर्व अध्येताहरूले गरेको चरण विभाजनको समेत अध्ययन गरी नेपाली लोकसाहित्यको प्राज्ञिक उन्नयनको यात्रालाई निम्नलिखित चरणमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त देखिन्छ :

***मौखिक पुस्तान्तरण र सङ्कलन आरम्भको चरण (आरम्भदेखि वि. सं. १९०० सम्म)***

आरम्भदेखि १९९० सालसम्मको समय प्रथम चरणको समय हो । लोकसाहित्यको परम्परा र प्रकृतिका आधारमा यो यही समयबाट सुरु भयो भन्नु उपयुक्त हुँदैन । अहिलेसम्मको अध्ययनहरूमा पूर्वीय साहित्य परम्पराअन्तर्गत वेदको प्रवेश ई. पू. ४०० लाई नेपाली लोकसाहित्यको आरम्भ बिन्दु मानिएको पाइन्छ । वेदको विषय र त्यसका ऋचाहरूलाई लयबद्ध तरिकाले गाउने चलनलाई हेर्दा आरम्भ बिन्दु मान्नु स्वाभाविकै हो । यही प्रचलनपछि संस्कृत भाषाले लिपिबद्धता पायो । विस्तारै कथा र रसिक कविता भन्न र गाउन थालिए । तसर्थ नेपाली लोकसाहित्यको सुरुवातको श्रेय संस्कृत साहित्यलाई नै दिनुपर्ने हुन्छ । यो मौलिक परम्परामबाट सुरु भएको विचारका सम्बन्धमा लिलासिँह कर्माले भनेका छन्-

> भानुभक्त आचार्यलाई आदि कवि बनाउने व्यक्तिहरू यहाँ घाँसीको भारी बोकेर जीवन यापन गर्दछन् र बेचेको पैसाबाट परन्तुका लागि सार्वजनिक कुवा अथवा चौतारोको निर्माण गर्दछन् ; यस्ता आदर्श र इमान्दार व्यक्तिहरू बसेको ठाउँमा पुरानाको प्रतिमा किट्न सकिदैन ; भानुभक्तले आफू कवि बन्न प्राप्त गरेको प्रेरणा घाँसीबाट हो नभनेका भए हामीले घाँसीको उदारता थाहा पाउने थिएनौं । यस्तै घाँसी गोठाला र खेताला जस्ता साधारण तहका नरनारीबाट लोकगीत वा लोकसाहित्यको श्रीगणेश र विकास हुँदै आएको हुनुपर्छ (कर्मा, २०३३, पृ.१) ।

उनले नेपाली लोकसहित्य जनसाधारणबाट स्वतन्त्र र सहज ढङ्गले अगाडि बढेको विचार व्यक्त गरेका छन् । लोकपरम्पराका आख्यानहरूलाई लिखित रूप प्रदान गर्ने काममा गुणाढ्यको योगदानको चर्चा पाइन्छ । यिनले प्राकृत भाषा (बोलचालको भाषा) मा सम्पादित गरेको कथाहरूको सङ्कलनलाई नेपालका बुद्धस्वामीले समेत संस्कृतमा रूपान्तरण गरे – बृहत् कथाका रूपमा (बन्धु , २०५८, पृ. १००) । मान्छेका रुचि, आवश्यकता, अवस्था, धर्म, संस्कृति, सम्प्रदाय अनुसारका सांस्कृतिक संस्कारगत विविधताका आधारमा लोकसाहित्यका विविध विधाहरू लोकगीत, लोककथा, लोकगाथा, उखानटुक्का, गाउँखाने कथा आदिको प्रचलन सङ्कलन र अध्ययन परम्परा अगाडि बढेको हो । लोकसाहित्यको सङ्कलनको आरम्भका सम्बन्धमा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले भनेका छन् -

> यसै कुरालाई हेर्ने हो भने सङ्कलनतर्फ मोतीराम भट्टका 'जान्ने कथा सङ्ग्रह' र 'उखानको बखान' नामक दुई कृतिहरूको उल्लेख पाइए तापनि ती अप्राप्य रहेका छन् । लोकगीततर्फ विश्वराज हरिहर शर्माको 'राग सङ्ग्रह' (१९६०), लोककथातर्फ बोधविक्रम अधिकारीको 'नेपाली दन्त्यकथा' (१९९६), उखानतर्फ गËप्रसाद प्रधानको 'नेपाली उखानको पोस्तक' (१९६५) तथा उखान टुक्कातर्फ पुस्कर शम्शेरको 'नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादिको कोश खण्ड १, २ (१९९८) जस्ता सङ्कलनहरूबाट लोकसाहित्यका विविध विधाको सङ्कलनतर्फ प्रारम्भ भएको पाइन्छ (शर्मा र लुइँटेल, २०६३, पृ. ६१) ।

समयको विकाससँगै नेपाली समाजमा केही सामाजिक कार्य वा पर्वमा दोहोरी पाराका श्लोकहरू गाइन थालिए । नेपालको ऐतिहासिक कालखण्डअन्तर्गत मल्लकालमा प्रचलित डबलीबाट लोकनाटकले शाहवंशीय ( पृथ्वीनारायण शाह) समयमा सूक्ति प्रकारका लयात्मक गीतको प्रचलनबाट लोकगीतले विकास हुने अवसर पाएको हो । कुमाउ गढवालमा नेपाल र अङ्ग्रेजबीच भएको युद्धपछि नेपालका केही सिपाहीहरूले त्यहाँका लोकगीत र

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

भाकाहरूलाई नेपाली समाजमा भित्र्याएको कुरा लोकसाहित्यविद्हरूले उल्लेख गरेका छन् । वि. सं. १८७१ मा बागलुङ राङखानीका गोऱ्या सिरस र मानवीर खत्री कुमाउ गढवालमा नेपाली सिपाहीका रूपमा थिए र सुगौली सन्धि १८४७ पछि उनीहरू गाउँ फर्केर ती भाकाहरू गाउन थाले । ती गीतलाई 'हाइ गरी' भाकाका गीतहरू भन्दै कालीभक्त पन्तले झ्याउरे गीतको संज्ञा दिए भन्ने कुरा चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' (२०४८) मा उल्लेख गरेका छन् । नेपाली लोकसाहित्यको विकासमा समर्पित भएर लाग्ने पहिलो व्यक्ति महानन्द सापकोटा हुन् ।

यस चरणका उपर्युक्त कार्य हेर्ने हो भने सांस्कृतिक सञ्चरणका रूपमा मौलिक पुस्तान्तरणका माध्यमबाट लोकसाहित्यको विकासारम्भ भएको हो भन्न सकिन्छ । उपदेश तथा नीति कथाको प्रचलन बढी देखिनुको साथै लोकसाहित्यको स्रोतको रूपमा प्राचीन वाङ्मयको उपयोग भएको देखिन्छ । अन्य भाषाका मूल विषयवस्तु नेपालीमा अनुवाद भएका छन् । यस चरणमा मूलतः उत्साह र उमËका लोकगीतले ठाउँ लिएको पाइन्छ । सचेत रूपले मौलिक साहित्यको सङ्कलन आरम्भ हुनु नै यस चरणको मुख्य उपलब्धि हो ।

***सङ्कलन, पाठ्यीकरण र अध्ययनको चरण (वि. सं. १९०१ देखि वि. सं. २०२३ सम्म)***

नेपाली लोकसाहित्यले मौलिकता प्राप्त गरेर तिनको सङ्कलन सुरु भएदेखि यस कालको सुरुवात भएको हो । नितान्त नेपाली मन र समाजका पीडाहरूलाई लिपिमा उतार्न थालेपछि यस कालको आरम्भ भएको हो । लोकसाहित्यका विभिन्न विधाको सङ्कलन र सम्पादन गर्ने काम यसै समयमा भएको देखिन्छ । यो समय नेपाली लोकसाहित्यको विकासमा उर्वर रूपमा देखा परेको छ । यस कालमा देखा परेका केही महत्त्वपूर्ण लोकसाहित्यिक रचनाहरू यस प्रकार छन् :

| व्यक्ति | कृति | समय |
|---|---|---|
| वसन्त शर्मा | समुद्र लहरी | वि. सं. १९०१ |
| पतञ्जली गजुऱ्याल | अध्यात्म रामायण | वि. सं. १९०४ |
| | हंशभारत बालुन | वि. सं. १९०७ |
| लालबहादुर आउँमासी | भोटको लडाँईको सवाई | वि. सं. १९१२ |
| नरबहादुर राना | जËबहादुरको सवाई | वि. सं. १९३३ |
| ज्ञान दिलदास | उदयलहरी | वि. सं. १९३४ |
| शिवदत्त शर्मा | वीरसिक्का | वि. सं. १९४६ |
| हाजिरमान राई | मीठा मीठा नेपाली गीत | वि. सं. १९४७ |
| अज्ञात | स्वस्थानी व्रतकथा | वि. सं. १९४८ |
| अज्ञात | बेताल पच्चिसी | वि. सं. १९५२ |
| हरिहर शर्मा | राग सङ्ग्रह | वि. सं. १९६२ |
| सत्यनारायण प्रधान | प्रेमलहरी | वि. सं. १९६३ |
| गËप्रसाद प्रधान | नेपाली उखानको पोस्तक | वि. सं. १९६५ |
| मेदिनीप्रसाद | राशलीला | वि. सं. १९६५ |
| महावीर सिंह गर्तौला | उखान वखानको प्रवाह | वि. सं. १९७५ |
| केवलानन्द | अछामको होरी | वि. सं. १९७९ |
| बहादुरसिंह बराल | बरालको आँशु | वि. सं. १९७९ |
| सदाशिव शर्मा | मधुमालतीको कथा | वि. सं. १९८३ |
| सूर्यविक्रम ज्ञवाली | रसमय नेपाली जीवन | वि. सं. १९८९ |
| बोधविक्रम अधिकारी | नेपाली दन्त्यकथा | वि. सं. १९९६ |
| पुस्कर शमशेर | उखान - टुक्काको कोश | वि. सं. १९९८ |
| | नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादिको कोश खण्ड १, २ | वि. सं. १९९८ |
| ललितजË सिजापति | दन्त्यकथा माला | वि. सं. २००३ |
| सुवर्ण शमशेर | दन्त्यकथा | वि. सं. २००५ |
| काजीमान कन्दङ्वा | आठ कथा | वि. सं. २०१० |
| अमरमणि प्रधान | कथा कहानी | वि. सं. २०११ |

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

| | | |
|---|---|---|
| सत्यमोहन जोशी | नेपाली लोकगीत : एक अध्ययन | वि. सं. २०११ |
| पारसमणि प्रधान | नेपाली मुहावरा | वि. सं. २०११ |
| लक्ष्मण लोहनी | रोदीघर | वि. सं. २०१३ |
| सत्यमोहन जोशी | हाम्रो लोक संस्कृति | वि. सं. २०१४ |
| धर्मराज थापा | मेरो नेपाल भ्रमण | वि. सं. २०१६ |
| जुजुराम कुशले | सुनौला कथा | वि. सं. २०१६ |
| | बादलकी रानी | वि. सं. २०१६ |
| लक्ष्मण आचार्य शास्त्री | नेपाली राष्ट्रिय मुहावरा | वि. सं. २०१६ |
| काजीमान कन्दङ्वा | जन साहित्य | वि. सं. २०२० |
| टङ्कराज अर्याल | नेपाली लोकगीत | वि. सं. २०२१ |
| योगी नरहरिनाथ (सम्पा.) | हिमाली लोकसाहित्य | वि. सं. २०२१ |
| इमानसिंह चेम्जोङ | किराँती दन्त्यकथा | विं सं. २०२१ |
| करुणकार वैद्य | नेपाली दन्त्यकथा सङ्ग्रह | वि. सं. २०२२ |
| अमरमणि प्रधान र पारसमणि प्रधान | नेपाली चल्ति उखान | वि. सं.२०२२ |
| लीलासिंह कर्मा | हाम्रो लोकसाहित्य | वि. सं. २०२३ |
| हर्षनाथ शर्मा | नेपाली उखान - टुक्का | वि. सं. २०२३ |
| ललितजË सिजापति | नेपालको लोककथा | वि. सं. २०२४ |

लोकसाहित्यको विधागत विस्तार हुनु, लोकतत्त्वलाई महत्त्वपूर्ण स्थान दिइनु, नेपाली जनजीवनमा मौखिक रूपमा प्रचलित कथ्यको सङ्कलन, लिप्यङ्कन र पाठ्यीकरण गरिनु, लोकसाहित्यका विधाको सङ्कलन सङ्ग्रह तपयार गर्नु, विधागत विश्लेषणको प्रक्रियाको थालनी हुनु, आदि यस चरणका मुख्य उपलब्धि हुन् । यस चरणलाई नेपाली लोकसाहित्य सङ्कलनको उर्वर काल मानिन्छ ।

***प्राज्ञिक विमर्शको चरण : वि. सं. २०२४ देखि हालसम्म***

लोकसाहित्यलाई ज्ञानको छुट्टै शाखाका रूपमा लिई औपचारिक पठन-पाठन र यसका सम्बन्धमा प्राज्ञिक लेखन कार्य प्रारम्भ भएबाट यस चरणको सुरुवात भएको देखिन्छ । यस चरणको प्रमुख मोडको रूपमा तुलसी दिवसको 'हाम्रो लोक संस्कृति' (२०२४) मा प्रकाशित 'लोकवार्ता : गतिशील वैज्ञानिकशास्त्र' शीर्षकको लेखलाई लिनुपर्ने हुन्छ । राष्ट्रिय शिक्षापद्धतिको योजना (२०२८) लागू भइसकेपछि त्रिभुवन विश्वविद्यालयमा नेपाली विभागले स्नातकोत्तर तहको पाठ्यक्रममा लोकसाहित्यलाई पाठ्यांश रूपमा राख्यो । यसकै परिणाम स्वरूप लोकसाहित्यका विविध विधामा स्नातकोत्तर स्तरीय शोधकार्य सम्पन्न हुँदै गए । त्रिभुवन विश्वविद्यालयअन्तर्गत नै नेवारी र मैथिली भाषाका स्नातकोत्तर तहमा लोकसाहित्य पाठ्य विषयका रूपमा रह्यो । यसबाट नेवारी लोकसाहित्य र मैथिली लोकसाहित्यको विकास भएको पाइन्छ । वि. सं. २०५३ बाट त्रि. वि. स्नातक तहको नेपाली विषयमा लोकसाहित्यलाई समावेश गरी शिक्षण गरिनु , नेपाली राकी प्रज्ञा प्रतिष्ठानमा वि. सं. २०३४ मा 'लोकसाहित्य संगोष्ठी' सम्पन्न हुनु , नेपाल र एसियालाी अनुसन्धान केन्द्रमा वि. सं. २०४१ मा लोकवार्ता सम्बन्धी गोष्ठी सञ्चालनु हुनु , 'लोकसाहित्य परिषद्' (२०४१) र 'लोकवार्ता तथा संस्कृति समाज' (२०५१) जस्ता संस्थाको स्थापना हुनु , विद्यावारिधि तहमा लोकसाहित्यलाई अनुसन्धानको विषय बनाइनु, केही विश्वविद्यालयमा लोकवार्ता विभागको स्थापन गरी लोकसाहित्यलाई मूल विषयको अध्यापन गराइनु, विभिन्न पत्रपत्रिकामा आधुनिक विधि तथा सिद्धान्तको प्रयोग गरी लोकसाहित्यको सङ्कलन र अनुसन्धान गरेका लेख रचना प्रकाशित हुनु आदिले यस कालका साथै सिËी लोकसाहित्य परम्पराको विकासलाई थप मजबुत पारेको देखिन्छ । यस कालमा देखिएका केही अनुसन्धानात्मक ग्रन्थहरू तथा शोधपत्रहरू यसप्रकार छन् :

***लोकसाहित्यसम्बन्धी कार्य***

| **व्यक्ति** | **कृति** |
|---|---|
| कालीभक्त पन्त | हाम्रो सांस्कृतिक इतिहास (२०२८) |
| प्रदीप रिमाल | कर्णाली लोकसांस्कृतिक खण्ड ५ (२०२८) |
| देवकान्त पन्त | डोटेली लोकसाहित्य एक अध्ययन (२०३२) |

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

| | |
|---|---|
| तुलसी दिवस | नेपाली लोकसंस्कृति संगोष्ठी (सम्पा. २०३५) |
| विजय चालिसे | डोटेली लोकसंस्कृति र साहित्य (२०३९) |
| पूर्णप्रकाश नेपाल 'यात्री' | भेरी लोकसाहित्य (२०४१) |
| धर्मराज थापा | लोकसंस्कृतिको घेरामा लमजुङ (२०४१) |
| | सगरमाथाको सेरोफेरो (२०४४) |
| धर्मराज थापा र हंसपुरे सुवेदी | नेपाली लोकसाहित्यको विवेचना (२०४१) |
| तेजप्रकाश श्रेष्ठ | अछामी लोकसाहित्य (२०४४) |
| देवीप्रसाद वनवासी | आँधीखोले लोकसंस्कृति (२०५५) |
| शम्भुप्रसाद कोइराला | लोकसाहित्य सिद्धान्त र विश्लेषण (२०५५) |
| हंसपुरे सुवेदी | नेपाली लोकजीवन : लोकविश्वास (२०५५) |
| जीवेन्द्रदेव गिरी | लोकसाहित्यको अवलोकन (२०५७) |
| विश्वप्रेम अधिकारी | आँधिखोले लोकसंस्कृति र लोकगीत (२०५७) |
| | पश्चिमाञ्चलका लोकगीत र परम्परा (२०५८) |
| | आँधिखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण (२०५९) |
| चूडामणि बन्धु | नेपाली लोकसाहित्य (२०५८) |
| हुमकान्त पाण्डे | हुम्लाको लोकसाहित्य (२०५८) |
| दिलिपकुमार काफ्ले | नेपाली लोकसाहित्यको अनुन्धान परम्परा (२०५८) |
| हुमकान्त पाण्डे | हुम्लाको लोकसाहित्य (२०५८) |
| कर्णबहादुर रोकाया | हुम्लामा प्रचलित हिउँसँग सम्बन्धित लोकसाहित्यको अध्ययन र विश्लेषण (२०६०) |
| गोविन्द आचार्य | लोकसाहित्यको विश्लेषण (२०६२) |
| मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल | लोकवार्ताविज्ञान र लोकसाहित्य (२०६३) |
| विश्वनाथ भट्टराई | लोकसाहित्य टिपन टापन (२०६५) |
| मनोहर लामिछाने | लोकसाहित्य र संस्कृतिका केही पानाहरू (२०६५) |
| रविलाल अधिकारी | नेपाली लोकसाहित्यको झलक (२०६५) |
| मोतीराज बम | कर्णालीको लोकजीवन (२०६७) |
| तेजबहादुर थापा | नेपालको मैथिली लोकसाहित्य र त्यसको नेपाली लोकसाहित्यसँगको सम्बन्ध (२०६७) |
| लोकवार्ता परिषद् नेपाल | नेपाली लोकवार्ता भाग १, २, ३, ४,५,६ क्रमशः २०७६ सम्म |
| मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी | नेपाली लोकसाहित्यको रूपरेखा (२०६८) |
| गणेश राई | किराँत वामबुले राई जातिको लोकसाहित्य (२०६८) |
| खसानी | लोकसाहित्य विशेषाङ्क वर्ष १३, अङ्क १ (२०६८) |
| मानबहादुर सिँह | सुदूरपश्चिम लोकसाहित्य र संस्कृति (२०६८) |
| शेरबहादुर भण्डारी | जाजरकोटी लोकसाहित्य (२०७३) |
| मनोहर लामिछाने | लोकवार्ताका केही पक्ष (२०७४) |
| द्रोणकुमार उपाध्याय | लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ (२०७४) |
| नारायणप्रसाद तिमिल्सेना | दैलेखी लोकसाहित्य (२०७७) |
| कपिलदेव लामिछाने | लोकसाहित्य सिद्धान्त (२०७७) |
| यज्ञराज उपाध्याय | काली-कर्णालीको लोकसाहित्य (२०८०) |

***लोकगीतसम्बन्धी कार्य***

| | |
|---|---|
| हरिहरराज जोशी | सँगिनी (२०२८) |
| | सोरठी (२०२९) |
| कालीभक्त पन्त | गीत सुधारको बाटो (२०३३) |
| काजीमान कन्दङ्वा र विपिनदेव ढुङ्गेल | नानीका गीत (२०३६) |
| जयराज पन्त | डोटेली गमरा पर्वका गीतहरूको वर्गीकरण, विश्लेषण र सङ्कलन (२०३६) |
| | अँजुलीभरि सगुन पोल्टाभरि फाग (२०५५) |

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

| | |
|---|---|
| | डोटेली भोपर्वका गीत र गाथाहरू (२०६४) |
| | मस्टा परम्परा र त्यसका गीतहहरू (२०६४) |
| | देउडा (२०६६) |
| नेपाल राष्ट्रिय विद्यापीठ | नेपाली लोकगीत सङ्ग्रह (२०३७) |
| ने. रा. वि. | नेपाली लोकगीत सङ्ग्रह प्रथम पुष्प (२०३७) |
| नारायणप्रसाद अधिकारी | स्याङ्जाली लोकगीतको सङ्कलन, वर्गीकरणर अध्ययन (२०४३) |
| राजेन्द्रप्रसाद पौडेल | कमला खोंचका लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०४३) |
| कुसुमाकर न्यौपाने | पैंयुँखोले लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०४४), |
| | कास्की जिल्लमा प्रचलित लोकगीतमा वृक्ष, वनस्पति र वन (२०४९) |
| एस. के. उपाध्याय | नेपाली लोकगीत सङ्ग्रह (२०४७) |
| कृष्णराज उपाध्याय | नेपाली लोकगीत सङ्ग्रह (२०४७) |
| टङ्क के. सी. | माइबेनी मेलामा (२०४९) |
| | हाम्रो लोकगीत र सËीत तथा लोकसËीतका थुगाहरू (२०५३) |
| | लोकगीत र हाम्रो राष्ट्रियता (२०५६) |
| दीनबहादुर थापा | गलकोट क्षेत्रमा प्रचलित लोकगीतको सर्वेक्षण र अध्ययन (२०५०) |
| महानन्द पौडेल | देउसी भैलो (२०५०) |
| अम्बिकाप्रसाद भट्टराई | तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५२) |
| ऋषिराम देवकोटा | लिगलिगका पर्वगीत तथा संस्कारगीतको अध्ययन ( २०५२) |
| पुण्यप्रसाद पौडेल | बाटुले चौरका गाइने जातिमा प्रचलित लोकगीतको अध्ययन (२०५२) |
| सावित्री मल्ल | पाल्पाली लोकगीत : अध्ययन र विश्लेषण (२०५२) |
| उमा चन्द | बैतडेली सांस्कारिक फागहरूको सङ्कलन, वर्गीकरण र परिचय (२०५३) |
| विष्णु तिमिल्सिना | नेपाली लोकगीत सङ्ग्रह (२०५४) |
| सरिता गुरुङ | गुरुङ संस्कृतिमा रोदी गीतको अध्ययन (२०५४) |
| मोहनप्रसाद तिमिल्सिना | नेपाली लोकगीतका ऐतिहासिक मोडहरू (२०५५) |
| पुष्पनाथ शर्मा | लोकगीत (२०५६) |
| रमा ज्ञवाली | तिजका गीतहरू (२०५६) |
| ऋषिकेश आचार्य | ललितपुरका ग्रामीण क्षेत्रका लोकगीतहरूको अध्ययन र विश्लेषण (२०५७) |
| कृष्णप्रसाद पराजुली | नेपाली लोकगीतको आलोक (२०५७) |
| रामप्रसाद उपाध्याय | बझाङ्गी डेउडा गीतको अध्ययन (२०५७) |
| कृष्णप्रसाद घिमिरे | अर्घाखाँची जिल्लाका लोकगीतहरूको विश्लेषणात्मक अध्ययन (२०५८) |
| डम्बरबहादुर सिंह | दैलेखी लोकगीतको अध्ययन र विश्लेषण (२०५८) |
| देवेन्द्रबहादुर खत्री | गलकोट खुवा क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन (२०५८) |
| पुण्यकुमारी सिलवाल | गोर्खाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५८) |
| राधिका मल्ल | म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन (२०५८) |
| रामप्रसाद पुडासैनी | नुवाकोट जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन (२०५८) |
| लक्ष्मी खड्का | सुर्खेत उपत्यकामा प्रचलित नेपाली लोकगीतको अध्ययन (२०५८) |
| विनोदकुमार दाहाल | ओखलढुËका बाललोकगीतहरूको अध्ययन (२०५८) |
| विष्णुभक्त उपाध्याय | बझाË थलाराका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण (२०५८) |
| शम्भुकुमार तामाङ | तामाË सेलोका अध्ययन (२०५८) |
| ईश्वरी के. सी. | दाङ जिलमा प्रचलित नेपाली लोकगीतको अध्ययन (२०५९) |
| उद्धवदेव भट्ट | बैतडी जिल्लाका लोकगीतको अध्ययन (२०५९) |
| छत्रकुमारी बाँस्तोला | इलाम जिल्लाका लोकगीतहरूको अध्ययन (२०५९) |
| डम्बरबहादुर पुन | दक्षिणपूर्वी पाल्पाका लोकगीतको अध्ययन (२०५९) |
| लक्ष्मी पोखरेल | अर्घाखाँची जिल्लाका लोकगीतहरूको सङ्कलन (२०५९) |
| हीराप्रसाद पन्त | डडेलधुरेली डेउडा गीतको अध्ययन (२०५९) |

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

| | |
|---|---|
| किशोरीप्रसाद साह | धनुषा जिल्लामा प्रचलित नेपाली र मैथिली संस्कार, पर्व र श्रम लोकगीतहरूको सङ्कलन र परिचयात्मक अध्ययन ( २०६०) |
| झपीन्द्र महत | गुल्मी जिल्लाका पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन (२०६०) |
| ताराकुमारी रोस्यारा | डोटी जिल्लामा प्रचलित सांस्कृतिक फागहरूको व्याख्या र विश्लेषण (२०६०) |
| तुलसीराम खनाल | आँधीखोले लोकगीतको अध्ययन, वर्गीकरण (२०६०) |
| होमनाथ जोशी | डोटी जिल्लामा पचलित डेउडा गीतको अध्ययन (२०६०) |
| खिलनाथ नेपाल | सङ्खुवासभा जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण (२०६१) |
| गणेशदत्त अवस्थी | बैतडेली व्रतबन्धका सांस्कारिक फागहरूको अध्ययन (२०६१) |
| लक्ष्मी पौडेल | पश्चिमी तनहुँका महिला लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०६१) |
| सुनीता भट्टराई | मोरङ जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०६१) |
| हितराज जोशी | बझाË संस्कृतिमा भुओ गीतको अध्ययन (२०६१) |
| हेमलाल खनाल | पाँचथर जिल्लामा प्रचलित नेपाली भाषाका लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६१) |
| खगेन्द्रप्रसाद उपाध्याय | अछामी लोकगीतको सङ्कलन, अध्ययन र विश्लेषण (२०६२) |
| अम्बिकाप्रसाद डाँगी | रुकुमेली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६२) |
| कृष्णप्रसाद न्यौपाने | स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन ( २०६२) |
| नारायणप्रसाद तिमिल्सेना | दैलेखमा प्रचलित मागलहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६२) |
| सुवि शाह | नेपाली लोकगीतको झलक (२०६२) |
| बिर्खराज सोती | बझाË मागलहरूको सङ्कलन, अध्ययन र वर्गीकरण (२०६२) |
| दीपक भुसाल | पर्वत जिल्लाको ज्ञादी क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६३) |
| महेन्द्रप्रसाद चौलागाई | कालीकोटमा प्रचलित देउडागीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६३) |
| लक्ष्मीप्रसाद भण्डारी | डडेल्धुरा जिल्लामा प्रचलित गोरागीतको अध्ययन (२०६३) |
| सारिका श्रेष्ठ | नवलपरासी जिल्लामा प्रचलित लोकगीत (२०६३) |
| हरिप्रसाद चुँदाली | गुल्मी जिल्लामा प्रचलित लोकभजनको सङ्कलन, वर्गीकरण र विशलेषण ( २०६३) |
| खडानन्द वाग्ले | देवचुली पर्वत सेरोफेरोका लोकगीतको अध्ययन (२०६३) |
| कविराज सुवेदी | बारा जिल्लामा प्रचलित नेपाली तथा भोजपुरी लोकगीतहरूको तुलनात्मक अध्ययन (२०६३) |
| चिन्तामणि तिमिल्सिना | कास्की जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन (२०६४) |
| विष्णुप्रसाद घिमिरे | गुल्मी जिल्लाको पश्चिम र उत्तर क्षेत्रका लोकगीतका अध्ययन (२०६४) |
| जितानन्द अधिकारी | अछामी मागल र पर्व गीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६४) |
| गणेशप्रसाद शर्मा | चितवन भरतपुर नगरक्षेत्रमा प्रचलित भजनहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६५) |
| विमला श्रेष्ठ | धादिङ जिल्लामा प्रचलित नेपाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६५) |
| विष्णुप्रसाद बहनी | बझाङ जिल्लाका बाह्रमासे गीतको अध्ययन (२०६५) |
| आदित्य चौधरी | दाङ जिल्लाको देउखुरी उपत्यकामा प्रचलित थारु लोकगीतको अध्ययन ( २०६५) |
| विष्णुबहादुर दौल्याल | बझाङ थली-नौबीसमा प्रचलित मागलहरूको अध्ययन (२०६५) |
| कुसुमाकर न्यौपाने | पश्चिमाञ्चल क्षेत्रका लोकगीतहरूको अध्ययन (२०६७) |
| दुर्गाबहादुर के. सी. | सल्यान जिल्लाको उत्तर पश्चिम क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन ( २०६७) |

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

| | |
|---|---|
| युवराज जि. सी. | प्युठान जिल्लाका झिमरुक तथा माण्डवी नदी भेगमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६७) |
| ध्रुवबहादुर कुँवर | अछाम जिल्लाम प्रचलित लोकगीतको अध्ययन (२०६७) |
| अनिता दाहाल | चितवनको बोटे समाजमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६७) |
| रविन्द्र भण्डारी | भक्तपुर जिल्लाका कटुन्जे क्षेत्रका लोकगीतको अध्ययन (२०६७) |
| नरबहादुर बूढा | अछाम जिल्लामा प्रचलित भुओ पर्वगीतको अध्ययन (२०६८) |
| कृष्णबहादुर रोकाया | बझाङ जिल्लाको भुओ गीतको अध्ययन (२०६८) |
| अम्बिकाप्रसाद ओली | तेह्रथुम जिल्लामा प्रचलित लोकगीतको वर्गीकरण र विश्लेषण (२०६८) |
| प्रमिला अधिकारी | तनहुँ जिल्लाका बन्दिपुर क्षेत्रको लोकगीतको अध्ययन (२०६८) |
| वृषबहादुर सत्याल | हुम्ला जिल्लमा प्रचलित देउडा गीतको अध्ययन (२०६८) |
| कपिलदेव लामिछाने | नेपाली लोकगीतको अध्ययन (२०६८) |
| कृष्णराज शर्मा | सरल होरी देउडा सङ्ग्रह (२०६९) |
| गोविन्द आचार्य | थारु जातिको लोकगीत तथा लोकसङ्गीत (२०७१) |
| तुलसीराम श्रेष्ठ | नेपाली लोकगीत परिचय र विश्लेषण (२०७१ |
| तुलसीराम श्रेष्ठ | झ्याउरे गीतको अध्ययन (२०७२) |

***लोकगाथासम्बन्धी कार्य***

| | |
|---|---|
| देवकान्त पन्त | डोटेली लोकसाहित्य एक अध्ययन (२०३२) |
| मोतीलाल पराजुली | कास्की जिल्लाका सामाजिक गाथाहरूको सङ्कलन र विश्लेषण (२०३७),<br>नेपाली लोकगाथा (२०४९) |
| हरिहर भट्टराई | सेती अञ्चलका लोकगाथाहरू (२०४१) |
| होमनाथ सापकोटा | गुल्मेली लोकगाथाको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०४१) |
| आत्माराम भट्ट | बैतडीका पौराणिक लोकगाथाको अध्ययन (२०५२) |
| जगन्नाथ जोशी | डोटेली धमारीको सङ्कलन र अध्ययन (२०५५) |
| नवराज अवस्थी | बैतडेली सिगास चैतको अध्ययन (२०५५) |
| रामकृष्ण शर्मा | प्युठान जिल्लाका लोकगाथा : सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५६) |
| जीवेन्द्रदेव गिरी | हाम्रा लोकगाथा (२०५७ ) |
| प्रेमराज जैसी | बझाËी धमारीको सङ्कलन र अध्ययन (२०५८) |
| धर्मराज भण्डारी | डडेलधुराली घटाल चैतको अध्ययन (२०६१) |
| योगेन्द्रराज अवस्थी | बैतडेली सवाईको सङ्कलन र विश्लेषण (२०६१) |
| जयराज पन्त | डोटेली धमारी गीत (२०६४) |
| भुवनेश्वर पनेरू | डोटेली सवाईको सङ्कलन र अध्ययन (२०६५) |
| बद्रिप्रसाद शर्मा | डोटेली चैतको सङ्कलन र विश्लेषण (२०६५) |
| फणेन्द्रप्रसाद अवस्थी | डडेलधुराली विजासैनी चैतको अध्ययन (२०६६) |
| मुकुन्दराज पथिक | नेपाली बालनको सङ्कलन र विश्लेषण (२०६९) |
| कुलराज निरौला | सङ्गिनी लोकगाथाको सन्दर्भपरक अध्ययन (२०७०) |
| दिव्यश्वरी जोशी | डोटी घरगीतको सन्दर्भपरक अध्ययन (२०७१) |
| बद्री विनाडी | लोककाव्य भारतको अध्ययन (२०७४) |
| बद्री विनाडी | डोटेली लोककाव्य चैतको अध्ययन (२०७४) |
| मुकुन्द शर्मा | पाल्पा जिल्लामा प्रचलित लोकगाथाको तुलना (२०७४) |
| परमलसिँह महर | मार्मा क्षेत्रमा प्रचलित विशुपर्वमा गाइने लोकगाथाको अध्ययन (२०७८) |

***लोककथासम्बन्धी कार्य***

| | |
|---|---|
| करुणकार वैद्य | नेपालका लोककथाहरू (२०२८),<br>अञ्चल लोककथा (२०५१) |
| पासाङ गोपर्मा | बुहारी (२०२४) |
| वासु रिमाल 'यात्री' | एकादेशमा (२०२८) |

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

| | |
|---|---|
| तुलसी दिवस | नेपाली लोककथा (२०३२) |
| | नेपाली लोककथा केही अध्ययन (२०३३) |
| शिवकुमार श्रेष्ठ | किराँती लोककथाहरू (२०४७) |
| | किराँती लोककथा सँगालो (२०५१) |
| रामविक्रम सिजापति | नेपाली लोककथा सँगालो (२०४८) |
| केयरसिंह गुरुङ | नेपाली लोककथा सङ्ग्रह (२०५३) |
| | हाम्रो लोककथा सङ्ग्रह (........) |
| कृष्णप्रसाद श्रेष्ठ | सुनौलो सिउर (२०५४) |
| मोतीलाल पराजुली | नेपाली लोककथाका अभिप्रायको अध्ययन (२०५५) |
| लक्ष्मी सुवेदी | धिमाल समुदायमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०५५) |
| प्रेमबहादुर अधिकारी | बागलुङ जिल्लामा नेपाली लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०५८) |
| रेनुका राई | नेपाली भाषामा प्रचलित किराँत लोककथाहरूको वर्गीकरण र विश्लेषण ( २०५८) |
| मधुपर्क (पत्रिका) | लोककथा विशेषाङ्क (२०५०) |
| सायतमान राई | किराँत (थुलुङ), राई समुदायमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५९) |
| दधिराम पन्थी | गुल्मेली नेपाली लोककथाको अध्ययन (२०६०) |
| अनितादेवी भट्टराई | पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०६१) |
| जीवनकुमार राई | खोटाङे पुमा राई समुदायमा प्रचलित लोककथाको सङ्लन र वर्गीकरण (२०६२) |
| लोकनाथ रिजाल | धादिङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्लन, वर्गीकरण र विश्लेषण ( २०६२) |
| कमलप्रसाद देवकोटा | रुकुम जिल्लामा प्रचलित खसानी लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६२) |
| देवेन्द्र लम्साल | ज्याग्दी खोला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन (२० ६३) |
| भक्तबहादुर राई | नेपाली बालकथामा लोक साहित्यको प्रभाव (२०६३) |
| सुनिल अर्याल | गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०६३) |
| शिवबहादुर पाण्डे | रामेछाप जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण (२०६३) |
| लक्ष्मीप्रसाद भट्टराई | आठराई क्षेत्रका लोककथाहरूको सङ्कलन वर्गीकरणर विश्लेषण (२०६४) |
| साधना अमात्य श्रेष्ठ | मकवानपुर जिल्ला अन्तर्गत पालुङ उपत्यकाका सांस्कृतिक तथा ऐतिहासिक लोककथाहरूको सङ्कलन र विश्लेषण (२०६४) |
| जनकदत्त उपाध्याय | अछामी लोककथाको संरचनात्मक अध्ययन (२०६४) |
| धाना धामी | दार्चुला जिल्लाको दुहुँ क्षेत्रमा प्रचलित लोककथाको अध्ययन (२०६४) |
| रमेशचन्द्र भट्टराई | अर्घाखाँची जिल्लामा प्रचलित लोककथाको अध्ययन (२०६४) |
| श्रीप्रसाद घिमिरे | रामेछाप जिल्लामा प्रचलित नेपाली लोककथाको सङ्कलन र संरचनात्मक अध्ययन (२०६४) |
| हिक्मत दमाई | डडेलधुरा जिल्लामा प्रचलित कथाहरूको अध्ययन विश्लेषण (२०६४) |
| धनबहादुर जिरेल | दोलखा जिल्लामा प्रचलित लोककथाहरूको लोकतात्विक अध्ययन (२०६५) |
| माधवप्रसाद सापकोटा | झापा जिल्लामा प्रचलित लोककथाको समाजशास्त्रीय अध्ययन (२०६५) |
| नेवबहादुर रावल | सल्यान जिल्लामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०६५) |

ISSN: 2594-3154 (Print)

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

| | |
|---|---|
| शशीकलाकुमारी प्रसाई | कथातत्त्वको आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन (२०६५) |
| टेकलाल अधिकारी | कपिलवस्तु जिल्लामा प्रचलित लोककथाको लोकतात्विक अध्ययन (२०६५) |
| सीता पोखरेल | प्युठान जिल्लामा प्रचलित नेपाली लोककथाहरूको वर्गीकरण र विश्लेषण ( २०६५) |
| आनन्दकुमार लामिछाने | दाङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६५) |
| सीता घिमिरे | ललितपुर जिल्लाको दक्षिण पूर्व भेगमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६६) |
| तीर्थराज जोशी | डोटी जिल्लाका लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६६) |
| महेन्द्रराज जोशी | नेपाली लोककथाको सङ्कलन तथा अध्ययन परम्परा (२०६७) |
| श्रीधर बस्नेत | रोल्पा जिल्लाको दक्षिण-पश्चिम भेगमा प्रचलित नेपाली लोककथाको सङ्कलन, वर्गीकरण (२०६७) |
| श्रीराम सुवेदी | रोल्पा जिल्लाको पूर्वी भागमा प्रचलित नेपाली लोककथाको सङ्कलन वर्गीकरण र विश्लेषण (२०६७) |
| राजेन्द्र कुमार चौधरी | कैलाली जिल्लाका थारु समाजमा प्रचलित थारु लोककथाको अध्ययन ( २०६८) |
| विष्णुप्रसाद उपाध्याय | दैलेख जिल्लामा प्रचलित धमारीहरूको अध्ययन (२०६८) |
| मोतीलाल पराजुली | नेपाली लोककथा सिद्धान्त र विश्लेषण (२०७०) |
| सुदूरपश्चिम विश्वविद्यालय | सुदूरपश्चिमका बात (२०८०) |

***लोकनाटकसम्बन्धी कार्य***

| | |
|---|---|
| होमनाथ सापकोटा | फोक्सिङ गाउँ पञ्चायतमा पाइने लोक साहित्यको सङ्कलन तथा वर्गीकृत सर्वेक्षण (२०६३) |
| बद्रिप्रसाद शर्मा | डोटेली भारतको परिचय, सङ्कलन र विश्लेषण (२०४२) |
| कृष्णप्रसाद लम्साल | तनहुँ जिल्लामा प्रचलित घाटु लोकनाटकको सङ्लन एवम् विश्लेषण (२०५२) |
| डोलराज काफ्ले | गुरुङ संस्कृति घाटु नाच (२०५६) |
| मोतीलाल पराजुली | सोरठी नृत्यनाटिका : सैद्धान्तिक अध्ययन (२०६३) |
| कुसुमाकर न्यौपाने | गोपीचन लोकनाटक (२०६५) |
| टीकाबहादुर श्रेष्ठ | रावाखोलामा प्रचलित मारुनी लोकनाटकहरूको अध्ययन (२०६५) |
| दुर्गाप्रसाद जोशी र मीनबहादुर राणा | डोट्याली लोकदेवता र जाँत संस्कृति (२०७९) |
| कुसुमाकर न्यौपाने | दशावतार बालन लोकनाटक (२०७९) |
| होमनाथ जोशी | डोटी जिल्लामा प्रचलित हुड्केलीको प्रस्तुति नाच (२०८०) |

***गाउँखानेकथा सम्बन्धी कार्य***

| | |
|---|---|
| रामकुमार पाँडे | गाउँखाने कथा (२०२६) |
| रत्नबहादुर तमोट | गाउँखाने कथा (२०३३) |
| कृष्णप्रसाद पराजुली | नेपाली उखान र गाउँखाने कथा (२०३९) |
| किरण लक्ष्मी श्रेष्ट | गाउँखाने कथाको सँगालो (२०४३) |
| वासुदेव भाइसाप | डोटेली कोश लोकोक्ति खण्ड (२०५१) |
| देवदत्त भट्ट | गाउँखाने कथाको अध्ययन (२०५५) |
| भरतकुमार प्रसाई | हाम्रा गाउँखाने कथा (२०५५) |
| अर्जुन नेपाल | गाउँखाने कथा (२०५८) |
| ईश्वरीप्रसाद भण्डारी | गुल्मि जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन (२०५८) |
| रत्नाकार देवकोटा | केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा (२०५८) |
| गोकुलराम जोशी | बझाङ जिल्लाका गाउँखाने कथाको अध्ययन (२०५९) |
| दामोदर तिमिल्सिना | वाग्लुङ जिल्लाका गाउँखाने कथाको अध्ययन (२०६०) |
| विश्वप्रसाद पौडेल | नेपाली गाउँखाने कथाकोश (२०६१) |

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

| | |
|---|---|
| वासुबाबु खत्री | गोर्खा जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन (२०६२) |
| श्यामप्रसाद तिवारी | पर्वत जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन (२०६२) |
| अमरसिंह बुढा | रोल्पा जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन (२०६४) |
| विष्णु पन्थी | रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन (२०६५) |
| धन गिरी | बझाङी गाउँखाने कथाको अध्ययन (२०६५) |
| हरिप्रसाद वाग्ले | गोरखाली गाउँखाने कथाको अध्ययन (२०६५) |
| शान्ताकुमारी राना | म्याग्दी जिल्लामा प्रचलित गाउँखाने कथाको सङ्कलन र वर्गीकरण (२०६८) |
| कपिलदेव लामिछाने | नेपाली गाउँखाने कथाको अध्ययन (२०६८) |

***उखान–टुक्कासम्बन्धी कार्य***

| | |
|---|---|
| भोलानाथ दाहाल | उखान सङ्ग्रह (२०२५) |
| रत्नाकर देवकोटा | जुम्लेली शब्द र उखान सङ्ग्रह (२०२७) |
| | केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा (२०५८) |
| राममणि आ. दी. | उखान सङ्ग्रह (२०२७) |
| बद्रीविशाल पोखरेल | बैतडेली उखानको वर्गीकरण (२०३५) |
| कृष्णप्रसाद पराजुली | नेपाली उखान र गाउँखाने कथा (२०३९) |
| हिराबहादुर खड्का | उखान सङ्ग्रह र चुट्किला (२०४१) |
| चूडामणि रेग्मी | नेपाली उखानहरूको अध्ययन (२०४१) |
| त्रिलोक न्यौपाने | उखान सङ्ग्रह (२०४२) |
| रामचन्द्र ढुËना | उखानको वखान (२०४२) |
| श्रीधर गौतम र राजनारायण गौतम | उखान र वाक्पद्धति (२०४३) |
| शिवप्रसाद पौडेल | लुम्बिनी क्षेत्रमा प्रचलित नेपाली उखानहरूको अध्ययन (२०५१) |
| | नेपाली उखानको विषयात्मक अध्ययन (२०६०) |
| रमेश अधिकारी | केही नेपाली उखान-टुक्का सङ्ग्रह (२०५३) |
| लीलासिंह कर्मा | हाम्रो उखान र पुर्खाको वखान (२०५३) |
| दिव्येश्वरी जोशी | डोटेली भाषिकामा प्रचलित उखानहरूको अध्ययन (२०५४) |
| सरला कोइराला | नेपाली उखानमा प्रतिबिम्बित नारी (२०५४) |
| रेमबहादुर खत्री | गुल्मी जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५५) |
| दिपकप्रकाश सिवाकोटी | दोलखाली उखानको अध्ययन (२०५६) |
| लक्ष्मी पन्थी | गुल्मी जिल्लामा प्रचलित टुक्काको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५६) |
| मधुलाल गौतम | बागलुङ जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०५६) |
| झमकप्रसाद शर्मा | नेपाली-अङ्ग्रेजी उखानकोश (२०५७) |
| | उखानमूलक लोककथाको सँगालो (२०५७) |
| शुभराज पाध्याय | बाजुरा जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन (२०५७) |
| कुलप्रसाद कोइराला | नेपाली र मैथिली भाषाका उखानहरूको अध्ययन तथा विश्लेषण (२०५८) |
| देउबहादुर लौडारी | तनहुँ जिल्लामा प्रचलित नेपाली उखानहरूको अध्ययन (२०५९) |
| पृथ्वीप्रसाद साउदेल | इलाम जिल्लाका लिम्बू समुदायमा प्रचलित उखानको अध्ययन (२०५९) |
| इन्द्रबहादुर भण्डारी | बागलुङ जिल्लामा प्रचलित टुक्काको अध्ययन (२०६०) |
| बालाकुमारी कार्की | काभ्रेपलाञ्चोक जिल्लामा प्रचलित नेपाली भाषाका टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६०) |
| मधुसूदन रेग्मी | पर्वत जिल्लामा प्रचलित उखानहरूको अध्ययन (२०६०) |
| रामजीप्रसाद सुवेदी | म्याग्दी जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेपाण ( २०६०) |
| लोकनाथ अधिकारी | गोर्खा जिल्लमा प्रचलित नेपाली उखानको अध्ययन (२०६०) |
| ओमबहादुर ओली | दैलेख जिल्लामा प्रचलित उखानको अध्ययन (२०६१) |
| सरोजाकुमारी | नेपाली र भोजपुरी उखानको तुलनात्मक अध्ययन (२०६१) |
| शिवप्रसाद पौड्याल | नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण (२०६१) |

| | |
|---|---|
| खगेन्द्रप्रसाद उपाध्याय | अछामी गालीको सङ्कलन, अध्ययन र विश्लेषण (२०६१) |
| योगेन्द्रप्रसाद बजगाईं | अछाम जिल्लामा प्रचलित टुक्काको अध्ययन (२०६२) |
| शारदा शर्मा तिम्सिना | सङ्खुवासभा जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०६२) |
| सुकुम शर्मा | आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन (२०६२) |
| नारायणप्रसाद पन्त | रुपन्देही जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण ( २०६३) |
| सीताराम अधिकारी | धादिङ जिल्लामा प्रचलित नेपाली भाषाका उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६३) |
| सुशीला पोखरेल | गोरखा जिल्लामा प्रचलित टुक्काका अध्ययन (२०६३) |
| कृष्णप्रसाद घिमिरे | कपिलवस्तु जिल्लामा प्रचलित नेपाली उखानहरूको अध्ययन (२०६४) |
| गौरा पौडेल | तनहुँ जिल्लामा प्रचलित नेपाली उखानहरूको अध्ययन (२०६५) |
| यमकुमार कालाखेती | नेपाली समाजमा प्रचलित महिलासँग सम्बन्धित उखानको सङ्कलन (२०६७) |
| मेघराज अधिकारी | प्युठान जिल्लामा प्रचलित उखानको अध्ययन (२०६७) |
| धन गुरुङ | कैलाली जिल्लामा प्रचलित थारु  र नेपाली उखानको अध्ययन (२०६८) |
| हस्तबहादुर महतारा | दुल्लु जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, अध्ययन र विश्लेषण (२०६८) |
| शिवप्रसाद पौड्याल | नेपाली उखान रचना सन्दर्भ (२०६८) |
| शिवप्रसाद पौड्याल | लोककथा सन्दर्भमा नेपाली उखान (२०६८) |
| कपिलदेव लामिछाने | नेपाली उखान र टुक्काको अध्ययन (२०६९) |

लोकसाहित्यलाई ज्ञानको रूपमा ग्रहण गरिनु, यसका विभिन्न विधामा केन्द्रित भई अध्ययन अनुसन्धान हुनु, औपचारिक रूपमा त्रिभुवन विश्वविद्यालयमा स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रममा पाठ्यांशका रूपमा राखिनु , यसै विषयमा केन्द्रित भई स्नातकोत्तर स्तरीय तथा विद्यावारिधी स्तरीय शोधपत्र तयार हुनु , लोकसाहित्य विकासका लागि व्यक्तिका साथै विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू पनि क्रियाशील रहनु, लोकसात्यिको विकासार्थ स्थापित संस्थाहरूले लोकसाहित्य संगोष्ठी सञ्चालन गर्नु , लोकसाहित्यका विभिन्न विधाहरूको मूलतः सैद्धान्तिक विश्लेषण हुनु आदि यस कालका महत्त्वपूर्ण उपलब्धि हुन् ।

**निष्कर्ष**

लोकसाहित्य मौखिक परम्परामा पुस्तान्तरित हुँदै विकास भएको परिवर्तनशील विधा हो । मानव सभ्यताको आरम्भसँगै सुरुवात भएको यो विधा लामो समयसम्म सामाजिक तथा सांस्कृतिक संस्कारका रूपमा जीवित रह्यो । उन्नाइसौँ शताब्दीको मध्यतिरबाट नेपाली जनसाधारणमा छरिएर रहेका केही भाका र कथ्यको टिपोट गरिएबाट नेपाली लोकसाहित्यको सङ्कलनको आरम्भ भएको मानिन्छ । विज्ञान र प्रविधिको विकास हुँदै गएपछि यसलाई ज्ञानको छुट्टै शाखाको रूपमा स्वीकार गरी सङ्कलन, पाठ्यीकरण र विश्लेषण कार्य तीब्र ढङ्गले अगाडि बढ्यो । संस्थागत रूपमा यसको संरक्षण र संवर्धनका सम्बन्धमा विचार विमर्श हुने र औपचारिक पठनपाठनको थालनी गरिएपछि यसको प्राज्ञिक उन्नयनमा विस्तार हुँदै गयो । हाल औपचारिक शैक्षणिक तह पार गर्नका लागि यसको विस्तृत सङ्कलन र सैद्धान्तिक अवधारणाका आधारमा विश्लेषण हुन थाल्यो । यसले नेपाली लोकसाहित्यको प्राज्ञिक उन्नयनलाई समृद्ध तुल्यायो । आरम्भदेखि हालसम्मको यसको यात्रालाई मूलतः मौखिक पुस्तान्तरण र सङ्कलन आरम्भको चरण, सङ्कलन, पाठ्यीकरण र अध्ययनको चरण र प्राज्ञिक विमर्शको चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त देखिन्छ । पहिलो चरणमा छरिएर रहेका कथ्यहरूलाई सङ्कलन गर्ने कार्य, दोस्रो चरणमा सङ्कलित सामग्रीको पाठ्यीकरण तथा अध्ययन गर्ने कार्य र तेस्रो चरणमा संस्थागत ढङ्गले यसको विधिसम्मत अनुसन्धान गर्ने कार्य गरियो । यी प्रत्येक चरणका चरणगत उपब्धि हुन् । यी तीनै चरणले समग्र लोकसाहित्यको प्राज्ञिक उन्नयनमा सगाएको छ । नेपाली लोकसाहित्यको ऐतिहासिक परम्पराको अध्ययन गर्ने क्रममा प्रस्तुत लेखमा लोकसाहित्यका विधाहरूको सङ्कलन ग्रन्थ, लोकसाहित्यको विधागत सिद्धान्तका बारेमा तयार पारिएका पुस्तक, अध्ययन ग्रन्थ र शैक्षणिक तह पारका निम्ति प्रस्तुत शोधपत्र र शोधग्रन्थहरूको सूची मात्रै दिइएको छ । यस लेखमा

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

अङ्कन नगरिएका विभिन्न पत्रपत्रिका, जर्नल आदिमा लोकसाहित्य सिद्धान्त तथा विधाहरूका सन्दर्भमा छापिएका फुटकर लेखहरूले पनि लोकसाहित्यको प्राज्ञिक उन्नयनमा इट्टा थप्ने काम गरेको छ।

**सन्दर्भसामग्रीसूची**

आचार्य, गोविन्द (२०६२). *लोकसाहित्यको विश्लेषण.* पैरवी प्रकाशन।

कर्मा, लिलासिंह (२०२३). *हाम्रो लोकसाहित्य.* लेखक स्वयम्

कोइराला, शम्भुप्रसाद  (२०५५). *लोकसाहित्य सिद्धान्त र विश्लेषण.* धरणीधर पुरस्कार प्रतिष्ठान।

गिरी, जीवेन्द्रदेव (२०५७). *लोकसाहित्यको अवलोकन.* एकता प्रकाशन।

तिमिल्सेना, नारायणप्रसाद (२०७७). *दैलेखी लोकसाहित्य.* दुल्लु नगरपालिका।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१). *नेपाली लोकसाहित्यको विवेचना,* त्रि. वि. पाठ्यक्रम विकास केन्द्र।

पन्त, कालीभक्त (२०४३). *हाम्रो सांस्कृतिक इतिहास.* (दोस्रो संस्क.), लेखक स्वयम्।

पराजुली, कृष्णप्रसाद (२०५७). *नेपाली लोकगीतको आलोक.* वीणा प्रकाशन।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* एकता प्रकाशन।

भट्टराई, विश्वनाथ (२०६५). *लोकसाहित्य टिपनटापन.* भैरवी भट्टराई।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लामिछाने, मनोहर (२०६५). *लोकसाहित्य र संस्कृतिका केही पानाहरू.* साझा प्रकाशन।

शर्मा, बालचन्द्र (२०३३). *नेपालको ऐतिहासिक रूपरेखा.* (तेस्रो संस्क.), कृष्णकुमारी देवी शर्मा।

शर्मा, मोहनराज र लुइँटेल खगेन्द्रप्रसाद (२०६३). *लोकवार्ताविज्ञान र लोकसाहित्य.* विद्यार्थी पुस्तक भण्डार।